**TILOTTAMA SECONDARY SCHOOL**
**Assignment-2077 (2020)**

**Subject: Nepali** Full Marks: 100
Grade: XI Pass Marks: 35
Time: 3 hrs

*Candidates are required to give their answer in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**१. कुनै एक प्रश्नको उत्तर दिनुहोस्:** ५
**क) निम्नलिखित वर्णहरूलाई उच्चारण स्थान र प्रयत्नका आधारमा वर्गीकरण गर्नुहोस्:**
क झ र य व
**ख) निम्नलिखित शब्द कति अक्षरले बनेका छन् ? अक्षर संरचनासमेत छुट्याउनुहोस्:**
विश्वास, सङ्कल्प, नगरपालिका, विद्यालय, कार्यक्रम

**२. शुद्ध गरी सार्नुहोस् :** ५
यौटा भन्छ हेर रमाइलो दुनिआ जिबनको आनन्द काहाँ छ खानु, पिउनु, मोज उडाउनु मानिसकै जुनीको अदिकार हो । अरको भन्छ, सन्सार रङमगाइ रहेछ ।

**३. रेखाङ्किन पदहरूको शव्दवर्ग छुट्याउनुहोस्:** ३
बडादशैंको उपलक्ष्यमा **न्युरोडमा** पसल**तिर** घुमफिर गर्ने **असल** मान्छेहरूको **जमात** देख्दा आश्चर्यमा पर्ने व्यक्तिहरू मोटर चढेर गाउँ पुगेपछि **त** शान्ति महसुस **गर्छन्** ।

**४. तलको अनुच्छेद पढी दुईओटा तत्सम शव्द र दुईओटा आगन्तुक शव्दहरू खोजेर लेख्नुहोस्:**
कम्प्युटर एउटा इलेक्ट्रोनिक यन्त्र हो जसले इन्पुट लिन्छ र प्राप्त तथ्यहरूलाई प्रशोधन गरी अर्थपूर्ण आउटपुट दिन्छ । २

**५. तलका कुनै दुई प्रश्नहरूको उत्तर लेख्नुहोस्:** ६
**क) तलका उपसर्ग र प्रत्यय लगाई एकएक शव्द बनाउनुहोस्:**
उपसर्गः सम्, प्रति, अधि
प्रत्ययः अक, ता, ईय
**ख) तलको अनुच्छेदबाट तीनओटा समस्त शव्द र तीनओटा द्वित्व शव्द खोजी समस्त शव्दलाई विग्रह गर्नुहोस् र द्वित्व शव्दका मूल अंश छुट्याउनुहोस्:**
आआफ्नो कामसाम नगर्ने मानिसले जीवनमा कहिल्यै प्रगतिका ढोका खोल्न सक्दैन । ससाना काम गर्ने श्रमजीवी मानिसले बरु आत्मगौरव र आत्मसम्मानको जीवनयापन गर्दछन् । यस्ता मानिसहरु आआफ्नो कर्मथलोमा नयाँनयाँ कुरा जोडजाड गर्न बिर्सिदैंनन् । उनीहरू चौरीखर्क, भेडीगोठ, गाईगोठ घुम्दै जीवनसञ्चालन गर्दछन् । माछापच्छ्रे तथा सगरमाथाको जस्तै उचाइ उनीहरुले पाउँछन् र जीवनका मीठामीठा गीत गाउँछन् ।
**ग) तलको अनुच्छेदबाट छओटा सन्धियुक्त व्युत्पन्न शव्द छानेर तिनको सन्धिविच्छेद गर्नुहोस्:**
विद्यालयमा अनुशासनको पालना गर्ने व्यक्तिले सबैसित सम्बन्ध र मित्रताको हात अघि बढाउन सक्छ । कर्मेन्द्रिय र ज्ञानेन्द्रियहरू सक्रिय तुल्याउन जान्ने यी व्यक्तिहरू नैतिक, समाजिक र आर्थिक नियमलाई व्यावहारिक जीवनमा उर्तार्छन् । भौतिक सुखभन्दा आध्यात्मिक सुख महान् हुन्छ भनेझैं ईश्वरीय शक्तिलाई विश्वास गर्ने व्यक्तिहरू जगन्नाथ, रामेश्वरम् आदि तीर्थस्थल पुग्छन् र शान्तिको आनन्दानुभूति गर्छन् ।

**६. कुनै एक प्रश्नको उत्तर दिनु होस्:** ५
**क) वाक्यढाँचासहित एकवचनलाई बहुवचनमा परिवर्तन गर्नुहोस्:**
उहाँकी छोरी प्राविधिक शिक्षा पढ्छिन् । मैले पनि यही विषय पढ्ने सोचेकी छु । मेरी बहिनीले भने नेपाली विषय पढ्ने लक्ष्य लिएकी छे । मैले यो विषय पढ्न धेरै खर्च लाग्ने अनुमान गरेकी छु । मेरी दिदीले पनि प्राविधिक शिक्षा पढेर जागिर पाउनुभएको हो ।
**ख) तलका अनुच्छेदका पुलिङ्गी कर्तालाई स्त्रीलिङ्गमा र स्त्रीलिङ्ग कर्तालाई पुलिङ्गमा फेरी अन्य आवश्यक परिवर्तन गर्नुहोस्:**
छोरो आदर्श माध्यमिक विद्यालयमा पढ्छ । उससँग भाइ पनि त्यही विद्यालयमा पढ्छ । यसपटक माहिली हजुरआमाको नातिले पनि ११ कक्षा उत्तीर्ण गऱ्यो । यी सबै युवकहरुले शिक्षाको स्तर बढाएका छन् । मेरी बहिनी भर्खर दस कक्षामा पढ्दै छिन् ।

**७. कुनै एक प्रश्नको उत्तर दिनुहोस्:** ६
क) ले, लाई, द्वारा, लागि, देखि र मा विभक्तिको प्रयोग गरी छ वाक्यमा कुनै घटनाको वर्णन गर्नुहोस् ।
**ख) तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुर्नलेखन गर्नुहोस्:**
तिमीहरु पर्वत जिल्ला घुमेको छ ? हामी त पर्वत जिल्लाको भ्रमणमा पोहोर गयो । हामीले पर्वतस्थित गुप्तेश्वर मन्दिरको दर्शन गऱ्यो । हाम्रो आमाले गुप्तेश्वर मन्दिरको परिक्रमा गरिन् । हामीले त्यहाँका चर्चित वस्तुहरु किनेर फर्कियो । हामीले पर्वत जिल्ला भ्रमण गऱ्यो ।

**८. तलका कुनै दुई प्रश्नको उत्तर दिनुहोस् ।** ८
**क) तलका जटिल वाक्यहरूलाई आठओटा सरल वाक्यमा छुट्याउनुहोस्:**
हामी मनकामना मन्दिर पुग्यौं अनि मनकामना माताको पूजा अर्चना गऱ्यौं । एकातिर स्थानीय बासिन्दाहरुले फूलमाला बेचेका देखिन्थे भने अर्कातर्फ पुजारीहरुले पूजा गराइरहेका देखिन्थे । हामी मनकामनाको दर्शन गरेर फर्कँदा १२ बजेको थियो त्यसैले हामीहरु भोकाएका थियौं । जतिखेर हामी मन्दिरको दर्शन गरेर फर्किएका थियौं त्यतिखेर होटलमा खाना सकिएको थियो ।
**ख) तलका वाक्यहरूलाई वाच्यपरिवर्तन गरी पनुर्लेखन गर्नुहोस्:**
शङ्करले मुधमालतीको कथा सुन्यो । उसले उक्त कथा गौरीलाई सुनायो । गौरीकी फुपूले नोकरहरुलाई बोलाइन् । नोकरले शङ्करलाई हकाऱ्यो । शङ्कर घर गयो । शङ्करले मुरली माग्यो । आमाले शङ्करलाई मुरली दिनुभयो । शङ्कर गौरीको घरतिर हिँड्यो ।
**ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस्:**
भात पकाउने वेला भयो । नानीथकुँ भान्छामा जान तयार भइनन् । गोदत्तप्रसाद त्यहीँ बसेका थिए । नानीथकुँले भात पकाउन जाने प्रस्ताव आमालाई राखिन् ।

**९. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्:** १०
जगबाट कुहिएका चट्टानहरु झिकेर सिमेन्ट ग्राउटिङ गरिएमा बाँधबाट हुने पानीको चुहावट रोक्न सकिन्छ । बालुवा, रोडा जस्ता खुकुला किसिमका निर्माण सामग्रीबाट बाँधको निर्माण गरिएको छ

भने पानीको चुहावट बढी हुन्छ । यो पानीलाई बाँधको पछिल्तिर आधारमा निकास कुलोमा जम्मा गरी अन्यत्र पठाउन सकिन्छ । बाँधको टाकुरो र जगसम्मको उचाइलाई बाँधको उचाइ भनिन्छ अनि टाकुरादेखि सम्भावित उच्चतम जल सतहसम्मको उचाइलाई फ्री बोर्ड भनिन्छ । बाढीको बेलामा वा धेरै हावा चलेको बेलामा पानीको बाँधको शीर्षबाट बगेर बाँधलाई नोक्सान पुऱ्याउन नदिन पर्याप्त फ्री बोर्डको व्यवस्था गरिनु आवश्यक छ । त्यसैगरी जलाशयको लहरबाट गरिने सुरक्षा, बाँधको माथिबाट गाडीहरुको आवागमन र निर्माण सुविधालाई ध्यानमा राखेर बाँधको टाकुराको चौडाए निश्चित गरिन्छ । बाँध निर्माण भई सकेपछि यसमा प्रयोग गरिएको निर्माण सामग्रीको तह वजनको कारण धसिन गई बाँधको उचाइ घट्ने हुनाले यो तथ्यलाई ध्यानमा राखेर बाँधमाथि अतिरिक्त निर्माण सामग्री थुपार्नुपर्छ । बाँध स्थिर र सुरक्षित रहोस् भन्ने उद्देश्यले सेतुबन्धको ढाल र बिमको व्यवस्था गरिनुपर्छ । बाँधको जलाशयपट्टिको भागमा भूक्षय हुने, पानीको लहरले आक्रमण गर्ने र पानीको चुहावट हुने हुनाले चट्टानका टुक्राहरुले छाप्ने गर्नुपर्दछ । साथै बाँधको अर्को भागलाई पनि भूक्षय, वर्षा र तुषाराको आक्रमणबाट बचाउन घाँस उमार्ने गर्नुपर्छ ।

प्रश्नहरु

क) बाँधबाट पानीको चुहावट कसरी रोक्न सकिन्छ ?

ख) फ्री बोर्ड भनेको के हो ?

ग) बाँधलाई चट्टानका टुक्राहरुले किन छोप्नुपर्छ ?

घ) बाँधलाई सुरक्षित गर्न के के गर्नुपर्छ ?

ङ) 'जलाशय' र 'चट्टान' शब्दको अर्थ के हो ?

**१०. प्रश्न नं. ९ को अनुच्छेदबाट पाँचओटा मुख्यमुख्य बुँदा टिप्नुहोस् ।** ५

**११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** ५

क) कुनै कार्यालयले विज्ञापन खोलेको खरिदार पदका लागि दिइने व्यक्तिगत विवरणको नमुना बनाउनुहोस् ।

ख) स्वच्छ पानी पिउने बानी बसालौँ भन्ने जानकारी दिने उद्देश्यले दिइने सूचनाको नमुना बनाउनुहोस् ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** ५

**नेपालको खानेपानी समस्या र समाधान** शीर्षकमा १५० शब्दसम्मको टिप्पणी तयार पार्नुहोस् ।

***अथवा***

आफ्नो विद्यालयमा सम्पन्न प्रतिभा सम्मान तथा सांस्कृतिक कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

**१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा २५० शब्दमा एउटा निबन्ध लेख्नुहोस्:** १०

क) स्थिर सरकार र सुशासन

ख) शिक्षको महत्त्व

ग) कृषिमा आधुनिकीकरण

**१४. एक चिहान उपन्यासको तलको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।** २×५=१०

के त ? यसको माने यही हो, किसानका छोरा केही होइनन् ? किसान केही होइन ? त्यसमा मनुष्यत्व केही छैन ? शिवनारानले पनि अलि दह्रो भएर जवाफ दिए । "किसान राजा हुन्, सम्राट् हुन्, देवता हुन्, परमात्मा हुन् ।' व्यङ्ग्यभावमा रामबहादुरले भने "किसानमाथि व्यङ्ग्य हानेर तपाईं यस्तो उपेक्षित कुरा नगर्नु होला रामबहादुरजी तपाईंलाई म यो पनि बताई दिन चाहन्छु–एक चोटिलाई मैले क्षमा गरेको छु । किसान अरु केही थोक नभए तापनि तपाईंको अन्नदाता हो, आफ्नो पसिना बगाएर समाज र देशलाई पाल्ने र रगत दिएर संसारलाई जिन्दगी दिई रहने एउटा त्यागी तपस्वी जाति हो । अझ यो भन्दा पनि बढ्दा तपाई थाहा पाउन चाहनुहुन्छ भने पसिनाको परिश्रम र बलिदानको नातामा संसारमा सबभन्दा ठूलो किसान हो, जसलाई तपाई ईश्वर भन्न चाहनुहुन्छ कि परमेश्वर अथवा जे भन्नोस् ।" बडो गर्वसाथ शिवनारानले भने ।

प्रश्नहरू:

अ) माथिको गद्यांशमा आएको रामबहादुर कस्तो पात्र हो ? उपन्यासका आधारमा स्पष्ट पार्नुहोस् ।

आ) उपर्युक्त गद्यांशमा आधारमा किसान जातिको महत्त्व र तिनमा आएको क्रान्तिचेतनाको विश्लेषण गर्नुहोस् ।

**१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस्: २×५=१०**

**क) तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।**

उसका आँसुहरु
मानौँ खुसी खोसिएका कोसीका अशान्त छालहरु हुन्,
उसका रहरहरु
मानौँ बन्धकी परेका गण्डकीका बेचैन लहरहरु हुन्
र ऊ मानौँ, गरिब घरकी सुन्दर कन्याजस्तै
घरिघरि ठालुका कामुक आँखाले डामिएकी कर्णली हो,
जो आफूदेखि धेरै टाढा
सुदूर छाउनी र पराइका मोर्चाहरुमा बेखबर
प्रिय पति र मायालु बन्धुहरुलाई सम्झेर
स्नेहपूर्ण भाकामा डाकिरहिछ
कान्छी भट्टी थापिरहिछ ।

**प्रश्नहरु :**

अ) कान्छीका आँसु र रहरहरुलाई केकेसँग तुलना गरिएको छ ?

आ) 'ठालुका कामुक आँखाले डामिएकी कर्नाली' भन्नुको तात्पर्य के हो ?

इ) कान्छीका आफन्तहरु कस्तो अवस्थामा छन् ?

ई) कान्छीले आफन्तहरुलाई किन डाकेकी हो ?

उ) कवितांशमा कान्छीले कस्तो जीवन भोग्न बाध्य भएकी छ ?

**ख) तलको निबन्धांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस्:**

नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबैजसो क्षेत्रमा स्त्री पुरुषको बराबर हक हुनुपर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको झ्यालखानाभित्र डुबिरहन नदिई सामाजिक क्षेत्रमा समेत हौस्याउनेहरू साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरू नै हुन् ।

**प्रश्नहरू**

अ) 'नारीलाई नरकको मूल ढोका नठान्ने' भन्नुको तात्पर्य के हो ?

आ) आधुनिक युवाहरूमा स्त्री पुरुषका विषयमा कस्तो दृष्टिकोण रहेको छ ?

इ) माथिको सन्दर्भबाट नेपाली समाजको कस्तो तस्बिर प्रस्तुत भएको छ ?

ई) लेखकको नारीसम्बन्धी मान्यता कस्तो रहेको छ ?

उ) यो निबन्धांश कुन सन्दर्भमा आएको हो ?

**ग) तलको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

कृष्ण राय जुरमुरिँदै उठे, तबसम्म, आक्रमणकारी भागि सकेको थियो । 'मलाई कसले यसरी आक्रमण गऱ्यो होला ?' तिनी विचार गर्न थाले 'यस जीवनमा मैले कसैलाई आफ्नो शत्रु बनाइनँ, झगडा फसादमा रहिनँ ।' कृष्ण रायलाई पहिले त कसैले आक्रमण गरेको हो भन्ने कुरामा विश्वास भएन, सब तन्द्रा अवस्थामा भ्रम जस्तो लाग्यो, तर भित्तामा लागेर भाँचिएको लट्ठीको टुक्रा त भ्रम हुन सक्तैन । कृष्ण रायले बिछ्यौनाबाट निहुरीकन त्यस टुक्रालाई टिपे, हेरेर गम्न थाले 'को मेरो शत्रु हुन सक्छ ?'

**प्रश्नहरू**

अ) यस कथांशभन्दा पहिलाको कथा सन्दर्भ के रहेको छ ?

आ) कृष्ण रायले आफूमाथि कसैले आक्रमण गर्न नसक्ने आधार केलाई मान्थे ?

इ) कृष्ण रायलाई आक्रमण/लट्ठीप्रहार भएको प्रमाण के देखिन्छ ?

ई) कथांशका अनुसार कृष्ण राय कस्तो चरित्र भएका व्यक्तिका रूपमा देखिएका छन् ?

उ) कृष्ण रायलाई के कुरा तन्द्रा अवस्थाको भ्रम जस्तो लाग्यो ?

**१६ नालापानीमा नाटकमा नरे कार्कीले के कस्तो रष्ट्रभक्तिको भावना देखाएको छ ? समीक्षात्मक प्रतिक्रिया दिनुहोस् ।** **५**